सम्पर्क ...ल कलेज
भरतपुर-१०, CMC पछाडि, फोनः ०५६-५२८७६०

मासिक ग्राहक शुल्क रु.७०/-    पृष्ठ संख्या: ४

# एकै वर्षमा बालश्रममुक्त बनाउने योजना

**ध्रुवराज खनाल/कायाकैरन**

रत्ननगर/चितवनको खैरहनी नगरपालिकाले आगामी आर्थिक वर्ष २०७५/७६ भित्र नगरलाई बालश्रममुक्त नगर घोषणा गर्ने जनाएको छ। खैरहनी नगरपालिकाको आइतबार भएको तेस्रो नगरसभाले आगामी आर्थिक वर्षभित्र नगरलाई बालश्रममुक्त घोषणा गर्ने नीति तथा कार्यक्रम ल्याएको हो।

बालश्रममुक्त नगर घोषणाका लागि आवश्यक प्रक्रिया पूरा गरेर एक वर्षभित्रै घोषणा गरिने खैरहनीका नगर प्रमुख लालमणि चौधरीले बताए। "विकाससँग जोडिएको एक पाटो बालबालिकाहरु पनि हुन्", नगर प्रमुख चौधरीले भने, "आगामी आर्थिक वर्षभित्र नगरलाई बालश्रममुक्त गर्ने कार्यक्रम अघि सारेका छौं।" नगरमा कति बालश्रमिक छन् भन्ने एकिन तथ्यांक नभएपनि आगामी आर्थिक वर्षको सुरुदेखि तथ्यांक संकलन गरेर प्रक्रिया अघि बढाउने उनले बताए।

नगरभित्र करिब ४० जना वालश्रमिक रहेको अनुमान छ। तीमध्ये प्रायः धेरै होटलमा श्रम गर्न बाध्य छन्। श्रमिक बालबालिकाको पहिचान गरेपछि अभिभावक भएकाहरुलाई परिवारमा पुनर्मिलन गराउने र नभएकालाई अन्त्योदय र नवोदय विद्यालयमा आवासीय सुविधासहित अध्ययन गराउने नगरपालिकाको योजना छ। नगरसभाले नगरभित्र १५० शैयाको बाल अस्पताल निर्माणका लागि पहल गर्नेसहितका नीति तथा कार्यक्रम ल्याएको छ। नगरसभामा नगर उपप्रमुख सुनिता थपलियाले आगामी आर्थिक वर्षका लागि ६२ करोड ३९ लाख ९१ हजार बराबरको नीति, कार्यक्रम तथा बजेट पेश गरेकी थिइन्।

आन्तरीक आय ५ करोड १९ लाख लक्ष्य लिएको खैरहनी नगरपालिकाले वित्तीय समानीकरणमा रु २४ करोड २९ लाख, सामाजिक सुरक्षा कार्यक्रममा रु ९ करोड २० लाख,प्रदेश सरकारबाट प्राप्त रु ३ करोड ३ लाख, अन्य आय १ करोड ५० लाखसहित आम्दानी हुनेसहितको वजेट पेश भएको नगरपालिकाका प्रमुख प्रसासकीय अधिकृत पुरुषोतम शर्माले जानकारी दिए। नगरपालिकाले आगामी वर्षमा कृषि उत्पादन अभिवृद्धी एवं वजार प्रर्वद्धनका लागि हाटवजार संचालन गर्ने, दूध उत्पादक किसानहरुलाई दूधमा अनुदानको व्यवस्था गर्ने, चक्रपथ निर्माणका लागि योजना वनाई कार्यान्वयन गर्ने, बसपार्क निर्माण गर्ने, राष्ट्रसेवक कर्मचारीहरुलाई दिदै आएको ३५ प्रतिशत स्थानीय भत्ता हटाई कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्न अतिरित्त सेवा र समयको आधारमा थप सुविधा दिने लगायत कार्यक्रम समावेश गरिएको छ। नगरसभाले न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपानाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न वनेको विद्येयक २०७५ र खैरहनी नगरपालिकामा विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न वनेको विद्येयक २०७५, आर्थिक, विनियोजना विधेयक पारित गरेको छ।

**रत्ननगर, कालिका र राप्तीको पनि आए**

रत्ननगर नगरपालिकाले आगामी आर्थिक वर्षका लागि नगरपालिकाले ५१ बुँदे नीति तथा कार्यक्रमसहित आगामी वर्षका लागि रु ८४ करोड ५४ लाखको बजेटसमेत ल्याएको

(क्रमशः ३ पेजमा)

हार्दिक बधाई तथा शुभकामना

# खैरहनीको बजेट ६२ करोड ३१ लाख




चितवनको खैरहनी नगरपालिकाले आगामी वर्षका लागि ६२ करोड ३१ लाख ९१ हजारको बजेट ल्याएको छ । आइतबार भएको नगर सभाले पारित गरेको बजेट अनुसार आन्तरिक आय ५ करोड १९ लाख तथा सामाजिक सुरक्षातर्फ ९ करोड २० लाख वित्तीय सामान्यीकरणतर्फ २४ करोड १९ लाखको बजेट छुट्याइएको छ । प्रदेश सरकारबाट ३ करोड आउने अनुमान छ । नगर सभामा नगर उपप्रमुख सुनिता थपलियाले आगामी वर्षका लागि वार्षिक नीति तथा कार्यक्रम पेश गर्नु भएको थियो । प्रसतावित नीति तथा कार्यक्रम नगर सभा शुरू भएको दुई घण्टामै पारित भएको थियो ।

नगरपालिकाले यहाँ सुविधायुक्त बाल अस्पताल निर्माण गर्ने, कृषि र पर्यटन विकास, विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गर्ने, हाटबजार सञ्चालनमा ल्याउने, नगरभित्र चक्रपथ निर्माण गर्ने, जग्गा प्लटिङ निरूत्साहित गर्ने लगायतमा नीति तथा कार्यक्रम ल्याइएको नगर प्रमुख लालमणि चौधरीले जानकारी दिनुभयो ।

राष्ट्रसेवक कर्मचारीहरूलाई दिईंदै आएको स्थानीय भत्ता हटाई कार्य सम्पादनका आधारमा प्रोत्साहन गर्न अतिरिक्त सेवा र समयको आधारमा थप सुविधा दिने कार्यक्रममा उल्लेख छ ।